# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु भवानी अधिकारी र भोजराज भट्टराई मु.नं ०८१-CR-००५४ र ०८१-CR-००७१ (प्रतिकूल बकपत्र) फैसला मिति २०८२/०३/३२ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको (प्रतिकुल बकपत्र समेत)। | **आयोगको माग दावी**<br>• राष्ट्रिय किताबखाना (शिक्षक) छाउनी काठमाण्डौका शाखा अधिकृत **धनेश्वर प्रसाई** र कार्यालय सहयोगी **भवानी अधिकारी**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.३,००,०००/- (अक्षरुपी तीन लाख) कायम गरी प्रतिवादीहरु धनेश्वर प्रसाई र भवानी अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना सजाय हुन, बिचौलिया **सुदर्शन न्यौपाने**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.३,००,०००।– (तीन लाख) कायम गरी प्रतिवादी सुदर्शन न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **प्रतिवादी भोजराज भट्टराईलाई** प्रतिकुल बकपत्र गरे वापत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु.३,००,०००।– (तीन लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस रिसवत जफत हुन समेत मागदावी लिई विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरु भवानी अधिकारी र भोजराज भट्टराईले आरोप दाबीबाट सफाई पाउने ठहर गरी विशेष अदालत काठमाडौंबाट फैसला भएको देखिन्छ।<br>**<u>फैसलाहरु</u>**<br>• प्रतिवादी धनेश्वर प्रसाईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको र | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादी भवानी अधिकारी कार्यालय सहयोगी रहेको र निज पेन्सन पट्टा बनाउने कार्य, ओहदा नरहेको, उजुरी निवेदनमा निजले रिसवत माग गरेको उल्लेख नभएको, श्रव्य-दृष्य संवादमा यी प्रतिवादीले रिसवत माग गरेको भन्ने नदेखिएको।<br>• प्रतिवादी भोजराज भट्टराईले घुस रकम लेनदेन नै नभएको भनी बकपत्र गरेको देखिंदैन। घुस रकम लेनदेनको सम्बन्धमा प्रतिवादी भवानी अधिकारीको संलग्नता नरहेको भन्ने बेहोराको यि प्रतिवादीले बकपत्र गरेको भन्ने आधारमा यी प्रतिवादीलाई आरोप दावी बमोजिम कसुरदार ठहर गर्न मिल्ने अवस्था देखिन आएन। | • राष्ट्रिय किताबखाना (शिक्षक) म्यूजियम मार्ग छाउनीमा कार्यरत पेन्सनपट्टा (निवृत्तिभरण अधिकार पत्र) सम्बन्धी फाईल हेर्ने शाखा अधिकृत धनेश्वर प्रसाईले नियमानुसारको पेन्सनपट्टा (निवृत्तिभरण अधिकार पत्र) सम्बन्धी काम गरिदिनको लागि विभिन्न बरबहाना गरी घुस/रिसवत लिएर मात्र काम गर्ने मनसायका साथ रु.३,००,०००।- (तीन लाख) घुस/रिसवत माग गरेको हुँदा निजहरुलाई दिनको लागि रु.१,०००।-(एक हजार) दरका निम्न नम्वर भएका ३०० (तीन सय) थान नेपाली नोटहरुले हुने जम्मा रु.३,००,०००।- (तीन लाख) रकम म आफैंले व्यवस्था गरी उक्त नोटहरुको विवरण र निज कर्मचारी शाखा अधिकृत धनेश्वर प्रसाई, विचौलिया सुदर्शन न्यौपानेले र विचौलिया निज सुदर्शन न्यौपानेले निजको श्रीमती भनि चिनाएका नाम थाहा नभएकी सोही कार्यालयकी एक जना महिला कर्मचारीले म निवेदकसँग मेरो पेन्सनपट्टा सम्बन्धी काममा घुस/रिसवत माग गर्दा भएको कुराकानीको अडियो/ भिडियो रेकर्ड समेत सि.डि./डि.भि.डि.मा राखि यसै निवेदन साथ पेश गरेको छु भन्ने समेत ब्यहोराको उजुरी निबेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रतिवादी मध्येका धनेश्वर प्रसाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा र प्रतिवादी सुदर्शन न्यौपानेले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा निजहरुले रिसवत लिएको रु.३,००,०००।– को दामासाहीले हुने रु.१,५०,०००।– को आधारमा सो ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रतिवादी धनेश्वर प्रसाई र सुदर्शन न्यौपानेलाई जनही छ महिना कैद र उक्त दफा ३ को उपदफा (१) बमोजिम जनही रु.१,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ) जरिवाना हुने ठहर गरि विशेष अदालतबाट फैसला भई सकेको देखिदा उक्त वारदातमा भ्रष्टाचारजन्य कसूर भएको तथ्यमा बिबाद देखिदैन।<br>• **उक्त भ्रष्टाचारजन्य कसूरमा प्रतिवादी भवानी अधिकारीको संलग्नताका सन्दर्भमा हेर्दाः-** निवेदक/उजुरीकर्ता भोजराज भट्टराईले उजुरी निवेदनमा मिति २०८१।०९।११ गते बिहीबार विचौलिया सुदर्शन न्यौपानेले म निवेदकलाई राष्ट्रिय किताबखाना (शिक्षक) म्यूजियम मार्ग छाउनीको नजिकै रहेको निजको निजी कोठा (डेरा कोठा) मा लगि शुरुमा विचौलिया निज सुदर्शन न्यौपाने र निजको श्रीमती भनि चिनाएका नाम थर थाहा नभएकी सोही कार्यालयकी एक जना महिला कर्मचारीले म सँग पेन्सन पट्टाको काम सम्बन्धी कुराकानी गरेका र केही समय पछि राष्ट्रिय किताबखाना (शिक्षक) म्यूजियम मार्ग छाउनीमा कार्यरत शाखा अधिकृत धनेश्वर प्रसाई समेत निज सुदर्शन न्यौपानेको सोही कोठामा आई म निवेदक समेत चारै जना बसि मेरो पेन्सन पट्टा (निवृत्तिभरण अधिकार पत्र) सम्बन्धी कामको कुराकानी गरेको, कुराकानीको क्रममा शाखा अधिकृत धनेश्वर प्रसाईले "३ जनाले टिप्पणी उठाउनुपर्छ, वहाँहरुको पनि चित्त बुझाउनु पर्छ" भनी उल्लेख गरेको, अर्का प्रतिवादी विचौलिया सुदर्शन न्यौपानेले निजको श्रीमती भनी चिनाएका नाम थाहा नभएको शिक्षक किताबखाना छाउनीकी एक जना महिला कर्मचारी समेतले मेरो पेन्सन पट्टा सम्बन्धि कामको लागी घुस/रिसवत माग गर्दा भएको कुराकानीको अडियो/भिडियो रेकर्ड भनी उजुरी निवेदन साथ पेश गरेको देखिदा उजुरवालासँग घुस/रिसवतको कुराकानीमा उक्त कार्यालयको कार्यालय सहयोगी यि प्रतिवादी भवानी अधिकारी समेत रहेको तथ्य पुष्टी भएको देखिन्छ। उक्त अडियो/भिडियो को स्कृप्ट राइटिङमा समेत प्रतिवादी भवानी अधिकारीले "पाँच" भनि बोलेको प्रष्ट सुनिन्छ भने प्रतिवादीहरुले पहिले घुस रकम पाँच लाख माग गरी बार्गेनिङ्ग हुदै जाँदा तीन लाखमा कुरा टुंगिएको तथ्य उक्त मिशिल संलग्न अडियो/भिडियो रेकर्डबाट प्रमाणित भएकै देखिन्छ। यी प्रतिवादी भवानी अधिकारीले घुस लेनदेन सम्बन्धि कुराकानी गर्न प्रतिवादी धनेश्वर प्रसाईलाई फोन गरी कोठामा बोलाएको तथ्य मिशिल संलग्न कल रेकर्डबाट देखिन्छ भने उजुरी कर्ता भोजराज भट्टराईले उजुरी साथ पेश गरेको अडियो/भिडियो रेकर्ड परीक्षणको लागि पठाएकोमा प्रतिवादी भवानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी सुदर्शन न्यौपानेले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिंदा निजहरुले रिसवत लिएको रु.३,००,०००।– को दामासाहीले हुने रु.१,५०,०००।– को आधारमा सो ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रतिवादी धनेश्वर प्रसाई र सुदर्शन न्यौपानेलाई जनही छ महिना कैद र उक्त दफा ३ को उपदफा (१) बमोजिम जनही रु.१,५०,०००।– (एक लाख पचास हजार रुपैयाँ) जरिवाना हुने ठहर गरी विशेष अदालतबाट फैसला भएको देखिंदा नि प्रतिवादी द्धयलाई आरोप दावी बमोजिम सजाय भएको देखिएकोले निज प्रतिवादी धनेश्वर प्रसाई र सुदर्शन न्यौपानेको हकमा पुनराबेदन जिकिर लिइएको छैन। प्रतिवादी मध्येकी **भवानी अधिकारी** र प्रतिकुल बकपत्र गर्ने प्रतिवादी **भोजराज भट्टराई**लाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला पाउने । | | अधिकारीसँग "The speaker's identification traits match with confidence level of more than ९९%. Match probability is more than ८८.०%" मेल खाएको भन्ने प्रतिवेदनबाट समेत खुल्न आएबाट समेत उक्त घुस/रिसवत माग गर्ने कार्यमा निज प्रतिवादी भवानी अधिकारीको मिलेमतो र प्रत्यक्ष संलग्नता रहेको पुष्टि भएको देखिन्छ। त्यसै गरी खानतलासी/बरामदी मुचुल्कामा समेत यि प्रतिवादी भवानी अधिकारी प्रतिवादी धनेश्वर प्रसाईको कार्यकक्षको सोफामा बसिरहेको अवस्थामा घुस/रिसवत लिएको रकम बरामद भएको देखिन्छ भने घुस/रिसवत लेनदेन सम्बन्धि कुराकानी हुँदा निज सोही कोठामा रहेको तथा प्रतिवादी धनेश्वर अधिकारीलाई आफूले फोन गरी कोठामा बोलाएको र कुराकानी हुने क्रमामा पाँच भनी उल्लेख गरेको भनाई आफ्नो हो भनी अनुसन्धानको क्रममा साविती बयान गरेको देखिदा निजको संलग्नता थप पुष्टि भएको देखिन्छ। नि प्रतिवादी भवानि अधिकारीले अदालतमा बयान गर्दा आफुसमेत चारजना विच कुराकानी भएको र प्रतिवादी धनेश्वर प्रसाईलाई फोन गरी कोठामा बोलाएको तथ्यलाई स्वीकार गरेको देखिदा उक्त वारदातमा अन्य प्रतिवादीहरु धनेश्वर प्रसाई समेतसँग यि प्रतिवादी भवानी अधिकारीले एकआपसमा मिलेमतो गरी घुस/रिसवत लिनेखाने बदनियतले प्रत्यक्ष रुपमा घुसको माग तथा मोलमोलाई गर्ने कार्यमा संलग्न रहेको तथ्य मिसिल संलग्न श्रव्य/दृष्य संवाद समेतका प्रमाणहरुबाट पुष्टि भईरहेको अवस्थामा उल्लिखित तथ्य प्रमाणहरुलाई अनदेखा गरी यि प्रतिवादी भवानी अधिकारीलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले बदर भागी छ।<br>• **उक्त भ्रष्टाचारजन्य कसूरमा प्रतिवादी भोजराज भट्टराईको संलग्नताको सन्दर्भमा हेर्दाः-** उजुरी निवेदक निज भोजराज भट्टराईले धनेश्वर प्रसाईले समेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको भनि दिएको निबेदनको आधारमा अनुसन्धान भएको मुद्दा नं.०८१-CR-००५४ मा निज भोजराज भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिमको साक्षी महलमा राखी अन्य प्रतिवादीहरु धनेश्वर प्रसाई समेतलाई अभियोजन गरिएको अवस्था देखिन्छ। उक्त मुद्दामा निज भोजराज भट्टराईले बयान गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) छाउनीमा कार्यरत कार्यालय सहयोगी भवानी अधिकारीले "ईश्वरी सरले ५ लाख भनेको अरे" भन्नुको साथै "दुई लाख हैन पूरै तीन लाख नभई त काम नगर्लान" भन्ने सम्मको लेनदेनको कुरा गरेको भन्ने समेतको ब्यहोरा उल्लेख गरेकोमा निवेदक भोजराज भट्टराईले विशेष अदालत समक्ष मिति २०८१।११।२६ गते बकपत्र गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) छाउनीमा कार्यरत कार्यालय सहयोगी भवानी अधिकारीले सामान्य कुराकानी मात्र गरेको हुदाँ निजलाई सफाई दिँदा मेरो मञ्जुर छ भनी अनुसन्धानको क्रममा दिएको उजुरी तथा बयानको ब्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई निज भोजराज भट्टराईलाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत,काठमाडौंमा उपस्थित भई मिति २०८१/११/२५ र २६ गतेका दिन बकपत्र गर्दा आयोगको अनुसन्धान अधिकृत समक्ष गरेको वयानको प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टि भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ मा सजायको मागदावी छुट हुन सक्नेः ब्यवस्था अन्तर्गत "यस ऐन बमोजिमको अनुसन्धानको कामकारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साछीको रुपमा प्रस्तुत गरि निजलाई सजायको मागदावीमा पुर्ण वा आंशिक छुट दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निज उपर मुद्दा दायर गर्न सकिनेछ" भन्ने कानूनी ब्यवस्था रहेकोले उक्त कानूनी ब्यवस्था अनुसार निज भोजराज भट्टराईलाई सजाय छुट दिई शर्त सहित अभियोजन गरिएकोमा निजले उल्लेखित कानूनी ब्यवस्थामा उल्लेखित शर्त विपरित गई अदालतमा बकपत्र गर्दा प्रतिवादी भवानी अधिकारीले सामान्य कुराकानी मात्र गरेको हुदाँ निजलाई सफाई दिँदा मेरो मञ्जुर छ भनी प्रतिकूल बकपत्र गरेकोले निज भोजराज भट्टराईलाई सोही दफा ५५ बमोजिम अन्य प्रतिवादी सरह सजायको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। निज प्रतिवादी भोजराज भट्टराईले अदालतमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बकपत्र गर्दा व्यक्त गरेको लिखित कथनबाट प्रतिकुल बकपत्र गरेको तथ्य प्रष्ट देखिई रहेको अवस्थामा निजलाई आरोपित कसूरमा सजाय गर्नु पर्नेमा अदालत मै खडा भएको बकपत्र लगायतका प्रमाणहरुलाई वेवास्ता गरि निज प्रतिवादी भोजराज भट्टराईलाई सफाई दिने ठहर गरि विशेष अदालत काठमाण्डौवाट भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी छ।<br>• उजुरी निवेदक भोजराज भट्टराईले मिति २०८१ साल पुस १४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समक्ष निवेदनमा सुदर्शन न्यौपानेले श्रीमती भनी चिनाएको नाम थाहा नभएको शिक्षक किताव खानाको कर्मचारी समेतले घुस/रिसवत लेनदेनसँग सम्बन्धि कुराकानी गरेको भनी खुलाएको देखिन्छ भने सो निवेदन साथ पेश गरेको घुस/रिसवत माग गर्दा भएको कुराकानीको अडियो/भिडियो रेकर्ड "B२-VID_००७" नामक भिडियो स्क्रिप्टको समय (००:०४) मा निवेदक भोजराज भट्टराईले "ईश्वरी सरले ५ लाख भनेको?" भन्नेमा प्रतिवादी भवानी अधिकारीले समय (००:०५) मा "अँ...अँ.. त्यई भनेर...त्यती भएर...सरले त्यही भनेको" भन्ने उल्लेख गरेको देखिन्छ। अडियो/भिडियो रेकर्ड "B२-VID_००८" नामक भिडियो स्क्रिप्टको समय (०३:४०) मा भोजराज भट्टराईले "२ लाख धनेश्वर सरले भन्नु हुन्छ नि त......२ त भेला भईसक्यो २ लाख ..छोराले सबै पठाउन मिलेन....धनेश्वर सरले काम चै अगाडी बढाईदिन पाए हुन्थ्यो भन्ने लागेको" भन्नेमा प्रतिवादी भवानी अधिकारीले समय (०४:१२) मा "त्यस्तो त झन के गर्लान र हातमा परे पछि त सुरु गर्लान...." भन्ने उल्लेख गरेको देखिन्छ। त्यसैगरी "B२-VID_०१०" नामक भिडियो स्क्रिप्टको समय (०१:००) मा भवानी अधिकारीले "न्यू खोजे भनेत.........खुत्रुकै पार्दिन्छ उनिहरु भनेको चै जे भन्यो त्यै गर्यो भने पायो....." भन्नेसम्मको संवाद गरेको स्क्रिप्टबाट देखिन्छ। उल्लिखित स्क्रिप्ट समेतबाट निज प्रतिवादी भवानी अधिकारीले निवेदक भोजराज भट्टराईलाई निजको नियमानुसार पेन्सन पट्टा (निबृत्तभरण अधिकार पत्र) बनाईदिन घुस/रिसवत वापतको रकम माग गर्न बाध्यात्मक परिस्थितको सिर्जना गरेको देखिन्छ। उजुरी निवेदक भोजराज भट्टराईले प्रमाणको रुपमा पेश गरेको CD/DVD मा भएको अडियो/भिडियो छेडखानी सम्वन्धमा Extraction File Data Integrity Intact भन्ने समेत व्यहोराको आयोगको डिजिटल फरेन्सिक युनिटको प्राप्त प्रतिवेदन तथा उक्त अडियो/भिडियो रेकर्डमा रहेको स्वर प्रतिवादी भवानी अधिकारीको हो वा होईन भन्ने सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौबाट VSA (स्वर) परीक्षण गरिएकोमा उक्त रेकर्डमा रहेको आवाज प्रतिवादी भवानी अधिकारीसँग "The speaker's identification traits match with confidence level of more than ९९%. Match probability is more than ८८.०%" मेल खाएको भन्ने प्रतिवेदनबाट समेत खुल्न आएकोबाट हाल आएर यी प्रतिवादी भोजराज भट्टराईले अदालत समक्ष बकपत्र गर्दा उल्लेख गरेको व्यहोरा मुल मुद्दा सम्वद्ध तथ्यसम्मत नभएको र केवल भ्रष्टाचारको आरोपबाट प्रतिवादी भवानी अधिकारीलाई बचाउने र आफू समेत भ्रष्टाचार मुद्दाबाट बच्ने उद्देश्य लिई प्रस्तुत मुद्दाको मूल मुद्दाको रुपमा रहेको विशेष अदालतमा दर्ता भएको मुद्दा नं.०८१-CR-००५४ को मुद्दामा विवेचित आधार प्रमाणहरु समेतबाट प्रतिवादी भोजराज भट्टराईले पेन्सन पट्टा (निबृत्तभरण अधिकार पत्र) बनाउन तथा बनाईदिनको लागि प्रतिवादीहरु धनेश्वर प्रसाई, भवानी अधिकारी, सुदर्शन न्यौपानेसँग एकआपसमा मिलेमतो गरी नगद रू.३,००,०००।-(अक्षरेपि तीन लाख) घुस रिसवत दिए लिएको पुष्टि हुँदा हुँदै उल्लिखित तथ्य प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादी भोजराज भट्टराईलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटि पूर्ण रही बदर भागी देखिन्छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट **विशेष अदालत काठमाण्डौबाट** प्रतिवादी भवानी अधिकारी र भोजराज भट्टराईलाई आरोप दाबीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादी भवानी अधिकारी र भोजराज भट्टराईको हकमा उक्त फैसला बदर गरि निज प्रतिवादी द्धयलाई आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |